पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे

सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ९८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ बैशाख ८ गते सोमबार ❑ 21 April 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## संस्कृति छोड्नै नहुने पक्ष हो: प्रधानमन्त्री ओली

**रासस**
काठमाडौं, ७ बैशाख

प्रधानमन्त्री केपी शर्मा ओलीले संस्कृति छोड्नै नहुने महत्वपूर्ण पक्ष भएकाले त्यससम्बन्धी इतिहासको संरक्षण र प्रवर्द्धन गर्नुपर्ने बताउनुभएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार राष्ट्रिय समाचार समिति (रासस) द्वारा प्रकाशित 'रासस फोटो किताब : गणतन्त्रको १६ वर्ष' ग्रहणका क्रममा प्रधानमन्त्री ओलीले मानिसले ज्ञानको खोजी र मनोरञ्जनका क्रममा संस्कृतिलाई अपनाउने गरेको बताउनुभयो। "संस्कृति हामीले छोड्नै नहुने कुरा हो, यसको सन्तुलित अर्थ बुझ्ेमा आफू र आफ्नो इतिहासलाई बुझाउन सहयोग गर्छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "सन्तुलित अर्थ बुझ्ेर आफू र आफ्नो इतिहास बुझाउन पनि सहयोग गर्छ।"

उहाँले राससको यस प्रकारको प्रयास सराहनीय एवं प्रशंसायोग्य रहेको प्रतिक्रिया दिनुभयो। प्रधानमन्त्री ओलीले भन्नुभयो, "मानिसले ज्ञानको खोजी र मनोरञ्जनका क्रममा संस्कृतिलाई अपनाएको हुन्छ, दुःखमा परेका बेला पनि मानिसले संस्कृतिका माध्यमबाट मनोरञ्जनको सहयोग लिएर बाँचेको हुन्छ।"

त्यस अवसरमा राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले लोकतन्त्र र गणतन्त्र दिवसका उपलक्ष्यमा मुलुकको संस्कृति, कला तथा विकास र पूर्वाधार शीर्षकमा दुई वर्ष गरेको प्रदर्शनीमा राखिएको तस्बिर समेटेर समितिले फोटो पुस्तक प्रकाशित गरेको जानकारी गराउनुभयो। गणतन्त्र स्थापनापछिका १६ वर्षमा भएका प्रगति र उपलब्धिलाई तस्बिरमा प्रस्तुत गरिएको जानकारी दिँदै कार्यकारी अध्यक्ष झाले देशमा केही पनि भएको छैन भन्नेहरूका लागि पुस्तक गतिलो जवाफ भएको बताउनुभयो। उहाँले देशलाई चिनाउने गरी सीमित स्रोतसाधनका बाबजुद राससले तयार गरेको सङ्ग्रहणीय रासस फोटो पुस्तक विदेशी पाहुनालाई उपहारस्वरुप प्रदान गर्न उपयोगी हुने विश्वास व्यक्त गर्दै थप प्रति छपाइका लागि अनुरोध गर्नुभयो। उक्त पुस्तकमा देशका सबै जातजाति, भाषाभाषी, भूगोल, धर्म, संस्कृति र पूर्वाधार निर्माणका क्षेत्रमा भइरहेका गतिविधिलाई समेटेर ९० फोटोपत्रकारले खिचेका १८२ वटा तस्बिर समावेश छन्। त्यस अवसरमा प्रधानमन्त्री ओलीले पुस्तकमा समेटिएका तस्बिर अभिरुचिपूर्वक अवलोकन गर्नुभएको थियो। पुस्तक हस्तान्तरण कार्यक्रममा राससका महाप्रबन्धक सिद्धराज राई, प्रधान सम्पादक उत्तम सिल्वाल, प्रशासन प्रमुख शीतलप्रसाद महतो, प्रमुख समाचारदाता नारायणप्रसाद न्यौपाने, वरिष्ठ समाचारदाता प्रकाश सिलवाल, समाचारदाता कालिका खड्का र फोटोपत्रकार विकल्प दाहालको उपस्थिति थियो। यसअघि उक्त पुस्तक राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपतिरामसहायप्रसादयादव, नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, सञ्चार तथा सूचना प्रविधीमन्त्री पृथ्वीसुब्बा गुरुङलगायतका विशिष्ट पदाधिकारी एवं नेतागणलाई हस्तान्तरण गरिएको छ।

## 'याक संरक्षणका लागि सङ्गठित प्रयास आवश्यक'

**रासस**
काठमाडौं, ७ बैशाख




कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले याकपालनले हिमाली समुदायको आयआर्जन, खाद्य र पोषण सुरक्षा, प्राङ्गारिक खेती तथा वातावरणीय सन्तुलनमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको बताउनुभएको छ।

प्रथम राष्ट्रिय याक दिवसका अवसरमा मन्त्रालयले आज यहाँ आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री अधिकारीले भौगोलिक चुनौती, बसाइँसराइ, चरन क्षेत्रको अभाव, प्रजननसम्बन्धी समस्या, जङ्गली जनावरको आक्रमण, जलवायु परिवर्तन जस्ता कारणले नेपालमा याक चौँरीको सङ्ख्या घट्दो क्रममा रहेकाले याक चौँरी पालनका लागि सङ्गठित प्रयास आवश्यक रहेको बताउनुभयो।

याक चौँरीको संरक्षण र दिगो उपयोगमार्फत हिमाली क्षेत्रको खाद्य सुरक्षा, जलवायु अनुकूलन, जैविक विविधताको संरक्षण र ग्रामीण जीवनशैलीको सशक्तीकरण नै अबकोसाझालक्ष्यरहेकोउल्लेख गर्नुभयो। मन्त्री अधिकारीले हिमाली जनजीवनको अविभाज्य अङ्ग बनेका याक चौँरीलाई संरक्षण, सुधार र व्यावसायिक रूपान्तरणमार्फत नव जीवन दिनु हाम्रो साझा उत्तरदायित्व रहेकोमा जोड दिनुभयो। मन्त्रालयको अग्रसरतामा सरकारले याक र चौँरीको महत्वलाई आत्मसात गर्दै प्रत्येक वैशाख ७ गते राष्ट्रिय याक दिवसका रुपमा मनाउने निर्णय गरेको उल्लेख गर्दै मन्त्री अधिकारीले याकको संरक्षण एवं प्रवर्द्धनका लागि सोलुखुम्बुको स्याङ्बोचेमा याक आनुवांशिक स्रोत केन्द्र सञ्चालन ल्याइएको बताउनुभयो।

केन्द्रले याकको शुद्ध नस्ल संरक्षण, आनुवंशिक सुधार, प्रविधि विस्तार र प्रसारमा महत्वपूर्ण कामको सुरुवात गरेको बताउनुभयो। आगामी दिनमा याक चौँरीको दिगो विकास सुनिश्चित गर्न मन्त्रालय प्रतिबद्ध रहेको पनि उहाँले सुनाउनुभयो। 'याक चौँरी प्रवर्द्धनः हिमाली जीवन, संस्कृति र पर्यावरण संरक्षण' भन्ने मूल नाराका साथ पहिलो पटक याक दिवस मनाइएको हो।

राष्ट्रिय याक दिवसका अवसरमा याकपालक कृषकलाई पनि सम्मान गरिएको छ। याकलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले संरक्षित वन्यजन्तुको सूचीमा राखेको छ। नेपालमा मात्र उत्पादन हुने विश्व प्रसिद्ध याक चिज 'ओमेगा-३ फ्याटी एसिड'को स्रोत रहेको छ।

याकको दूधबाट बनेको छुर्पी हिमाली क्षेत्रका किसानको आम्दानीको प्रमुख स्रोतका रुपमा रहेको छ। हिमाली क्षेत्रको सभ्यताका रुपमा समेत याक रहेको संरक्षणकर्मीको भनाइ छ। याकको छाला र पुच्छरबाट बन्ने वस्तु निर्यातको प्रचुर सम्भावना बोकेका उत्पादन हुन्।

## सडक दुर्घटनमा दुईको मृत्यु, १४ जना घाइते

**पोखरापत्र संवाददाता**
दमौली, ७ बैशाख

डुम्रे-बैंसीसहरखण्डअन्तर्गतको भानु नगरपालिका-१० कालीमाटीमा आइतबार माइक्रोबस र स्कुटर ठोक्किँदा दुई जनाको मृत्यु भएको छ भने १४ जना घाइते भएका छन्।

डुम्रेबाट लमजुङतर्फ जाँदै गरेको बा२ख ४०२२ नम्बरको माइक्रोबस र विपरीत दिशाबाट आउँदै गरेको ग२६प ४०५८ नम्बरको स्कुटर एकआपसमा ठोक्किँदा माइक्रोमा सवार एक र स्कुटरमा सवार एक जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक अशोक थापाले जानकारी दिनुभयो। मृतकको सनाखत हुन बाँकी छ।

माइक्रोबसमा सवार पुरुषको लमजुङमा र स्कुटरमा सवार महिलाको दमौली अस्पतालमा मृत्यु भएको बताउनुभयो। उहाँका अनुसार गम्भीर घाइते भएका स्कुटर चालकलाई उपचारका लागि चितवन मेडिकल कलेज पठाइएको छ।

माइक्रोबस चालक सिन्धुपाल्चोकका मानबहादुर घलेलाई नियन्त्रणमा लिइएको छ।

## सगरमाथा संवादको तयारीका लागि हिमाली संवाद गरिँदै

**रासस**
काठमाडौं, ७ बैशाख

सङ्घीय सरकारले आगामी जेठ २ देखि ४ गतेसम्म आयोजना गर्ने सगरमाथा संवादको पूर्वतयारीका रूपमा हिमाली संवाद आयोजना गरिँदै छ। यही वैशाख ९ र १० गते जुम्लाको खलङ्गामा हुने हिमाली संवादमा कर्णालीका बालबालिका र सीमान्तकृत समूहहरूको समस्या उठाइने छ।

सगरमाथा संवादको सचिवालयसँगको समन्वयमा सेभ द चिल्ड्रेन, युथ एलाइन्स फर इन्भायरोन्मेन्ट (वाइएई), कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र (क्रिडाक) लगायत विकास साझेदारसँगको सहयोग र सहकार्यमा हिमाली संवाद हुन लागेको हो। यसमा सीमान्तीकरणबाट प्रभावित बालबालिका, युवा र हिमाली समुदायहरूलाई अनुभव आदानप्रदान गर्न, आफ्ना विशेष आवश्यकताहरू व्यक्त गर्न र बाल-संवेदनशील जलवायु समाधानका लागि वकालत गर्न मञ्च प्रदान गर्नेछ।

स्थानीय मुद्दाहरूलाई राष्ट्रिय मञ्चहरूसँग जोड्दै, हिमाली संवादले हिमाली समुदायहरूभित्र एक प्रमुख मञ्चका रूपमा काम गर्ने वाइएइका अध्यक्ष सनोत अधिकारीले जानकारी दिनुभयो। "सगरमाथा संवादको बृहत् एजेन्डा 'जलवायु परिवर्तन, हिमाल र मानवताको भविष्य' सँग मेल खाने गरी राष्ट्रिय र अन्तरराष्ट्रिय नीतिगत वार्ताहरूमा समुदायका आवश्यकताहरूको अर्थपूर्ण एकीकरणका लागि बालबालिका र युवाका लागि स्थान र आवाज उठाइनेछ", उहाँले भन्नुभयो।

हिमाली संवादका मुख्य उद्देश्यहरू बालबालिका र युवाको आवाजलाई बुलन्द गर्ने, उमेर-संवेदनशील जलवायु नीतिहरूकोवकालतगर्ने,स्थानीय वास्तविकताहरूलाईविश्वव्यापी जलवायु ढाँचाहरूसँग जोड्ने र सफल समुदाय-नेतृत्वका जलवायु पहलहरू प्रदर्शन गर्ने रहेका छन्। संवादमा कर्णाली प्रदेशका हिमाली समुदायका बालबालिका, आदिवासी र सीमान्तकृत समुदाय, महिला र किशोरी, हिमाली क्षेत्रमा कार्यरत नागरिक समाज सङ्गठन, विकास साझेदार, संयुक्त राष्ट्रसङ्घीय निकाय, सरकारीतर्फका सहभागी, स्थानीय सरकारका प्रतिनिधि र नीति निर्माता, प्रदेश र सङ्घीय सरकारबाट प्रतिनिधित्व गरी करिब एक सय ५० जनाको सहभागिता रहने छ। जलवायु परिवर्तन र वातावरणीय ह्रासले बालबालिका तथा हिमाली क्षेत्र जोखिमपूर्ण बन्दै गएको विज्ञ बताउँछन्। वातावरणीय क्षति र उत्सर्जनमा नगण्य योगदान गरे तापनि, यी क्षेत्रका बालबालिकाले यसका विनाशकारी परिणामहरूको सबैभन्दा बढी मार खेपिरहेका छन्। नेपालका हिमाली समुदायहरूमा, बालबालिकाहरूले जलवायु परिवर्तनका चरम मौसमी घटनाहरू, वायूप्रदूषण र पानीजन्य रोगहरूको सामना गरिरहेका छन्, जसले उनीहरूको जीवन रक्षा, शिक्षा, संरक्षण र समग्र कल्याणमा असर पारिरहेको छ। त्यस्ता प्रभावित समुदायको न्यायका लागि आवाज बुलन्द गर्न हिमाली संवाद आयोजना गर्न लागिएको क्रिडाकका कार्यकारी निर्देशक गोविन्दबहादुर शाहीले जानकारी दिनुभयो।

विसं २०७८ को जनगणना अनुसार मुलुकको कूल जनसङ्ख्याको ३३ दशमलव आठ प्रतिशत बालबालिका छन्। नेपाल भूगोल र सामाजिक-आर्थिक चुनौतीहरूका कारण विश्वका सबैभन्दा जलवायु जोखिमयुक्त देशहरूमध्ये एक हो। हिमाली क्षेत्रहरूमा जलवायु परिवर्तनका असरहरू झनै गम्भीर छन्। मौसममा परिवर्तन, हिमनदी पग्लनु र पानीको आपूर्ति घट्नुले पहिरो, बाढी र खडेरीजस्ता विपद्हरूको आवृत्ति बढाउँछ।

पछिल्ला केही दशकमा नेपालले जलवायुजन्य घटनाहरू बढ्दै गएका छन्। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार पछिल्ला विपद्मा सेती बाढी, जुरे पहिरो, मेलम्ची बाढी, कर्णाली/पश्चिम तराई पहिरो/बाढी, थामे बाढी पहिरो र काठमाडौँ उपत्यका बाढीलगायत रहेका छन्।

कर्णाली क्षेत्रले बढ्दो खडेरी र चरम पानीको अभावको सामना गरिरहेको छ, जसले कृषि उत्पादकत्व घटाएको छ। यी चुनौतीहरूले जीविकोपार्जनलाई गम्भीर रूपमा कमजोर बनाएका छन्। बसाइँसराइ, कुपोषण, शिक्षामा अवरोध र बालविवाहमा योगदान पुऱ्याएका छन्, जसले बालबालिकामा दीर्घकालीन प्रभावहरूलाई बढाउँदै लगेको क्रिडाकका कार्यकारी निर्देशक शाहीले बताउनुभयो।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# काँग्रेस नेता तिमल्सिना महाधिवेशन प्रतिनिधि एवम् महासमिति सदस्य

पोखरापत्र संवाददाता
पोखरा, ७ बैशाख

नेपाली काँग्रेसका नेता दुर्गा तिमल्सिना नेपाली काँग्रेसको महाधिवेशन प्रतिनिधि एवम् महासमिति सदस्यमा मनोननयन हुनुभएको छ।

नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीको विधानको धारा ५१(१)(क) बमोजिम महाधिवेशन प्रतिनिधि र धारा ५१(१)(ख) बमोजिम महासमिति सदस्यमा मनोनित गर्नुभएको हो। यस अघि कास्की जिल्लामा २०४८ पछि १२ औं महाधिवेशनमा लक्ष्मीबहादुर भट्टराई महाधिवेशन प्रतिनिधि मनोनित बन्नुभएको थियो भने १३ औं महाधिवेशनमा तारानाथ रानाभाट महासमिति सदस्य



मनोनित हुनुभएको थियो।

पार्टीमा इमान्दार एवम् निष्ठावान राजनीतिज्ञ एवम् सामाजिक अभियन्ताका रुपमा परिचित नेता तिमल्सिनाले यस अघि पार्टीको पूर्व महासमिति सदस्य, पोखरा उपत्यका नगर विकास समितिको सदस्य एवम् अध्यक्ष, नेपाली काँग्रेस कास्की क्षेत्र नं ३ को क्षेत्रीय सभापति, जिल्ला सदस्य, पार्टीको परराष्ट्र समन्वय विभागको सदस्य सहित तीन पटक सम्म विभिन्न विभागको सदस्य बनिसक्नुभएको छ।

२०४३ सालमा काँग्रेसको पञ्चायत उपयोग गर्ने नीति अनुसार कास्कीकोट गाउँ पञ्चायतको उपप्रधानपञ्च निर्वाचित बन्नुभएका तिमल्सिना नेपाल विद्यार्थी संघको स्थापना कालदेखि नै सदस्य बन्नुभएको थियो। उहाँ २०३४ सालदेखि २०४९ सालसम्म कास्कीकोट पार्टी इकाइको सभापति बन्नुभएको थियो।

२०५५ सालमा नेपाल तरुण दलको जिल्ला सदस्यका रुपमा उहाँले काम गर्नुभएको थियो। प्रतिबन्धित समयमा २०४४ सालमा पार्टीको कृयाशिल सदस्य लिदै गाउँ, क्षेत्र, हुँदै जिल्लासम्मका विभिन्न जिम्मेवारी सम्हालीसक्नुभएका तिमल्सिना सुकुम्वासी समस्या समाधान आयोगको क्षेत्र नं ३ को क्षेत्रीय संयोजक एवम् जिल्ला सदस्य, एमनेष्टी अन्नपूर्ण समूह ५४ को संयोजक जस्ता धेरै सामाजिक जिम्मेवारी पनि सम्हालीसक्नुभएको छ।

नेपालमा लोकतन्त्रको स्थापनाका लागि २०४६ सालमा स्याङ्जा र २०६१/०६२ मा कास्कीमा राजनीतिक बन्दीका रुपमा जेलजीवन विताएका उहाँ पटकपटक गिरफ्तार समेत पर्नुभएको थियो।

# माझठाना पोखरा सम्पर्क समाजमा शारदा

पोखरापत्र संवाददाता
पोखरा, ७ बैशाख

माझठाना पोखरा सम्पर्क समाजको आठौ साधारण सभा एवम् पाँचौ अधिवेशनले शारदा लामिछानेको अध्यक्षतामा १९ सदस्यीय नयाँ कार्य समिति सर्वसम्वत चयन गरेको छ।

दुई बर्षे कार्यकाल रहेको सो समाजको प्रथम उपाध्यक्ष रामकृष्ण तिवारी, द्धितीय उपाध्यक्षमा नरेश तिवारी, सचिव विष्णुहरि तिवारी,कोषाध्यक्ष बद्रिनाथ भुर्तेल, सहसचिव सुमनबाबु अधिकारी, सहकोषाक्ष धनकुमारी भुर्तेल रहनु भएको छ।

त्यसैगरि सदस्यहरुमा राधिका भुर्तेल, विनोद तिवारी, हरिप्रसाद कडेल, सूर्यराज चपाई, रामप्रसाद कोइराला, विरेन्द्रराज भुर्तेल,हरिमाया तिवारी, लक्ष्मण बास्तोला,चिरन्जिवि भुर्तेल, राजेन्द्रप्रसाद तिवारी, कृष्णबहादुर भुजेल र विष्णुप्रसाद कँडेल चयन हुनु भएको हो। प्रतिनिधि सभा सदस्य मन बहादुर



गुरुङ्गले अधिवेशनको उद्घाटन गर्दै जनताको वलले प्राप्त उपलव्धिको रक्षा गर्दै समग्र विकास निर्माणमा जुट्न आग्रह गर्नुभयो। समाजले सामाजिक, आर्थिक, शैक्षिक एवम् स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्दै आएको बताउँदै उहाँले यसको विकासमा आफ्नोतर्फबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो। भूमि समस्या समाधान आयोग कास्कीका अध्यक्ष एवम् समाजका सदस्य वैन बहादुर गुरुङ्गलाई दोसल्ला र सम्मानपत्रले सम्मान गरिएको थियो। कार्यक्रममा समाजद्धारा प्रकाशित नयाँ बर्ष २०८२ को क्यालेन्डर समेत विमोचन गरिएको थियो। सो अवसरमा क्यान्सररोग पिडीत रतन परियारको उपचारार्थ ५८ हजार ५१७ रुपैया नगद सहयोग गरिएको थियो। समाजका अध्यक्ष भोलानाथ ओझाको अध्यक्षतामा भएको कार्यक्रममा भुमि आयोग कास्कीका अध्यक्ष बैनवहादुर गुरुङ्ग, पोखरा २८ का वडाअध्यक्ष एवम् समाज संस्थापक अध्यक्ष श्रीकृष्ण लामिछाने, सल्लाहकारहरु ऋषिराम लामिछाने, तोयनाथ लामिछाने, दयाराम तिवारी, दर्गादत्त भुर्तेल, डा. मान बहादुर के.सी, सुर्य तिवारी, हरिप्रसाद बास्तोला, टुकाराम लामिछाने,खिमबहादुर गुरुङ्ग लगायतले संस्थाले खेल्दै आएको भूमिका माथि प्रकाश पार्नुभएको थियो। साविक माझठानाबाट पोखरामा आई विभिन्न पेशा व्यवसायमा संलग्नहरुको साझा समाजको सो कार्यक्रममा सचिव नरेश तिवारीले सांगठानिक र कोषाध्यक्ष विष्णुहरि तिवारीले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।

# युनाईटेड क्लब पोखराको १५ औं वार्षिकोत्सव सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ७ बैशाख

सामाजिक काममा अग्रणी युनाईटेड क्लब पोखराको १५ औं वार्षिकोत्सव सम्पन्न भएको छ।

स्थापना कालदेखि पोखरामा पोखरा महोत्सवको आयोजना गरी शिक्षा, स्वास्थ्य, खेलकुद , पर्यटन प्रवर्द्धन संगै सेती नदी संरक्षण र विपद ब्यवस्थापनमा काम गर्दै आएको युनाईटेड क्लबले १५ औं वार्षिकोत्सव विभिन्न कार्यक्रमको आयोजना गरि मनाएको हो। वार्षिकोत्सवको अवसर पारी नयाँ वर्ष २०८२ को पहिलो दिन वैशाख १ गते पोखरा बृद्धाश्रममा खाद्यान्न सामाग्री वितरण गरेको थियोभने वैशाख ५ गते क्लब परिसरमा बृहत रक्तदानको आयोजना गरेको थियो। आइतबार गरिएको १५ औं वार्षिकोत्सव समारोहको उद्घाटन गर्दै कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी शिव लम्सालले युनाईटेड क्लबले गरेको सामाजिक कामको प्रशंसा गरे। युवाको जाँगर राष्ट्र निर्माणको आधार भन्ने मुल नाराका साथ स्थापित युनाईटेड क्लबले आफ्नो स्लोगन अनुसारको काम गरको र अन्य सामाजिक संस्थाले युनाईटेडको अनुशरण गरेमा सामाजिक कामबाट राष्ट्रलाई सहयोग पुग्ने बताए।

भर्खरै सम्पन्न १३ औं संस्करणको पोखरा महोत्सवलाई आफुले नजिकबाट नियाल्न पाएको बताउदै लम्सालले आफु पोखरा बाहिर रहेतापनि युनाईटेड क्लबको पोखरा महोत्सव र महोत्सवबाट हुने आम्दानीले गर्ने सामाजिक कामलाई हेर्ने र जहाँ रहेतापनि युनाईटेड क्लबको अनुसरण गर्न अन्य संघ संस्थालाई अभिप्ररित गराउने समेत प्रतिवद्धता ब्यक्त गरे।

सो अवसरमा वोल्दै युनाईटेड क्लबका संस्थापक अध्यक्ष हिमालय बखेलले युनाईटेड क्लब १५ औं वर्ष सम्म आइपुग्दा शिक्षा, स्वास्थ्य, खेलकुद, पर्यटन प्रवर्द्धन त्यसमा पनि पोखरामा खुल्ला चिडियाखाना निर्माण, सेती नदी संरक्षण र विपद ब्यवस्थापनमा काम गर्दै आइरहेको र आगामी दिनमा आफ्नै छात्राबास निर्माण गरी शिक्षा क्षेत्रमा बृहत रुपमा काम गर्ने बताए।

शिक्षामा काम गरिरहदा अन्य क्षेत्रमा समेत क्लबले काम गर्ने उनको भनाइ रहेको थियो। त्यस्तै युनाईटेड क्लबका पूर्व अध्यक्ष लालकाजी गुरुङले युनाईटेड क्लबले १५ वर्ष सम्म गरेको कामबाट धेरै भन्दा धेरै मानिसहरु लाभान्वित भइसकेको बताउदै आगामी दिनमा पनि सम्पूर्ण एकजुट भएर सामाजिक कामलाई निरन्तरता दिनुपर्नेमा जोड दिए। सो अवसरमा वोल्दै १३ औं पोखरा महोत्सवका प्रायोजक स्टरसिड टेक्नोलोजिका चन्द्र बहादुर थापाले युनाईटेड क्लबको सामाजिक काममा सहकार्य गर्नकै लागि आफ्नो संस्थाले सहकार्य गरेको बताउदै आगामी दिनमा पनि त्यसलाई निरन्तरता दिने बताए। आजीवन सदस्यको तर्फबाट बोल्दै दीपक कार्कीले युनाईटेड क्लबले पोखरामा महोत्सवको आयोजना गरी सामाजिक कामबाट आफुहरु प्रभावित बनेर क्लबको आजीवन सदस्य लिन आफुतयार रहेको बताउदै युनाईटेड क्लबले आयोजना गर्ने विभिन्न सामाजिक गतिविधीमा संलग्न हुने प्रतिवद्धता ब्यक्त गरे।

युनाईटेड क्लबका अध्यक्ष लोक बहादुर थापाले वार्षिकोत्सवको अवसर पारी आगामी जेष्ठ महिनामा दुरदराजमा रहेको ग्रामीण भेगमा बृहत स्वास्थ्य शिविरको आयोजना गर्ने बताए। क्लबका महासचिव दिनेस सुनारले सञ्चालन गरेको कार्यक्रममा क्लबका वरिष्ठ उपाध्यक्ष गणेश तिमिल्सिनाले स्वागत मन्तब्य राखेका थिए।

# पोखरा चाइल्ड स्टार सिजन ४ को उपाधि प्रवीन र आइरालाई

पोखरापत्र संवाददाता
पोखरा, ७ बैशाख

बाल प्रतिभा प्रस्फुटन गर्ने उद्देश्यले नन्द इन्टरटेन्मेन्ट हाउसले आयोजना गरेको पोखरा चाइल्ड स्टार सिजन ४ को उपाधि पोखरा पब्लिक स्कूलका प्रवीन श्रेष्ठ र सेन्ट म्यारी स्कूलकी आइरा गुरुङले जितेका छन्।

शनिबार पोखरामा सम्पन्न ग्रान्ड फिनालेमा उनीहरुले उत्कृष्ट प्रदर्शन गर्दै क्रमशः बालक र बालिका तर्फको शीर्ष स्थान हासिल गरे। पुरुष तर्फ प्रथम रनरअपको उपाधि जिवेश थापाले प्राप्त गरे भने दोस्रो रनरअप अस्मिन भुजेल बने। मोस्ट ट्यालेन्टेड अवार्ड प्रतीक श्रेष्ठले जिते।

बालिका तर्फ फस्ट रनरअप ग्रीष्मा गौतम, सेकेन्ड रनरअप पुनम सेन ठकुरी घोषित भइन्। बेस्ट क्याटवाक अवार्ड रिहाना बास्तोलाले प्राप्त गर्दा बेस्ट पोज अवार्ड भने गरिमा सिंहले हात पार्न सफल भइन्। कार्यक्रमको अध्यक्षता आइक्यासका प्रबन्ध निर्देशक समिर थापाले गरेका थिए। कार्यक्रममा प्रमुख अतिथिका रुपमा गण्डकी




प्रदेशसभा सदस्य गोविन्द नेपाली तथा विशेष अतिथिका रुपमा लेखनाथ उद्योग वाणिज्य संघकी महासचिव जानुका पराजुली अधिकारीको उपस्थिति थियो।

फिनालेमा निर्णायकको भूमिकामा सङ्गीतकार रमेश श्रेष्ठ, पत्रकार, गीतकार तथा सङ्गीतकार आरजू बिष्ट 'सल्यानी', फेसन मोडल माया गुरुङ, ईञ्जिनियर अनिल ढुङ्गाना तथा प्रमुख निर्णायकको रुपमा प्रो. डा. दिपमाला श्रेष्ठ गुरुङ रहेकी थिइन्।कार्यक्रमका अतिथि तथा निर्णायकहरुले यस्ता प्रतिस्पर्धाले बालबालिकाको प्रतिभा अभिवृद्धिमा सहयोग पुऱ्याउने विश्वास व्यक्त गरे। उनीहरुले भने, "बालबालिकाले भविष्यमा सफलता हासिल गर्न अभिभावकको निरन्तर साथ र सहयोग अत्यावश्यक हुन्छ।"

यस्तै कार्यक्रममा शिखर संगित सम्मान २०८२ बाट सुरेन्द्र महर्जन 'अमर'सम्मानित भए भने सोसल आइडल सम्मानबाट प्रोफेसर डा.दिपमाला श्रेष्ठ गुरुङ, इश्वरी बिक र बुद्धि मिजार सम्मानित भए।

इन्टरनेशनल कलेज अफ एप्लाइड साइन्सको स्पोन्सर रहेको भव्य कार्यक्रमको संचालन संचारकर्मि, कुशल सञ्चालक दीपेन्द्र सेन शाहीले गरेका थिए। नन्द इन्टरटेनेमन्टले प्रतिभा प्रस्फुटन एवं क्षमता अभिवृद्धिका लागि बेलाबेलामा विविध कार्यक्रम गर्दै आएको छ।

# श्री गण्डकी कोटिहोम महायज्ञमा प्रदेश स्तरीय सांस्कृतिक झाँकी प्रदर्शनी गरिने

पोखरापत्र संवाददाता
पोखरा, ७ बैशाख

पोखरा महानगरपालिका वडा नं. १७ बिरौटामा सञ्चालन भइरहेको ऐतिहासिक श्री गण्डकी शत कुण्डीय कोटिहोम विराट् ज्ञान महायज्ञमा गण्डकी प्रदेश स्तरीय सांस्कृतिक झाँकी प्रदर्शनी गरिने भएको छ।

गण्डकी प्रदेशमा रहेका विभिन्न जातजातीहरुको मौलिक सांस्कृतीक झाँकी प्रदर्शनी कार्यक्रम गर्न लागिएको आयोजक मानव सेवा फाउण्डेसन नेपालले जानकारी दिएको छ। झाँकी प्रदर्शनीमा सहभागी समूहमध्य उत्कृष्ट समूलाई नगद सहित सम्मान पनि गरिने छ। जहाँ प्रथम हुने समूहलाई रु ३१ हजार १३१ सहित प्रमाणपत्र र मायाको चिनो प्रदान गरिने भएको छ।

त्यस्का साथै दोस्रो हुने झाँकी समूलाई २५ हजार ५२५, तेस्रो हुने समूहलाई रु २१ हजार १२१ र चौथो हुने समूहलाई नगद रु १५ हजार ५१५ सहित मायाको चिनो र प्रमाणपत्र प्रदान गरिने कार्यक्रम रहेको छ। त्यस्तै कास्की जिल्लाभन्दा बाहिरबाट सहभागी हुने साँस्कृतीक समूहलाई आउने जाने बस भाडाको व्यबस्था गरेको पनि आयोजकले जनाएको छ। कार्यक्रममा सहभागी हुन चाहने गण्डकी प्रदेशमा रहेका झाँकी समूहले सम्पर्क गरेर पनि आफ्नो समूहको नाम दर्ता गर्न सक्नेछन्।

त्यस्तै गण्डकी कोटिहोम महायज्ञमा राष्ट्रिय भजन प्रतियोगीता, माध्यमिक विद्यालय स्तरीय वक्तृत्वकला प्रतियोगीता पनि आयोजना गर्ने भएको छ।

# राप्रपाका सात नेता रिहा

रासस
काठमाडौं, ७ बैशाख

निषेधित क्षेत्रमा प्रदर्शन गरेको आरोपमा पक्राउ परेका राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनसहित सात नेतालाई प्रहरीले रिहा गरेको छ।

सिंहदरबार र बानेश्वरस्थित निषेधित क्षेत्रमा प्रदर्शन गरेको आरोपमा प्रहरीले उनीहरूलाई पक्राउ गरेको थियो। अध्यक्ष लिङ्देन, उपाध्यक्ष बुद्धिमान तामाङ, सांसद ज्ञानबहादुर शाही, युवा मोर्चाका अध्यक्ष कैलाश कटुवाललगायतलाई नियन्त्रणमा लिइ अहिले छाडिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "निषेधित क्षेत्रमा प्रदर्शन गरेको आरोपमा अध्यक्ष लिङ्देनसहित सात जनालाई नियन्त्रणमा लिएका थियौं। अहिले सबै जनालाई रिहा गरिएको छ।"

# मतदाता नामावली अद्यावधिक गर्दै निर्वाचन आयोग

रासस
काठमाडौं, ७ बैशाख

निर्वाचन आयोगले मतदाता नामावली अद्यावधिक कार्यक्रमलाई सफल बनाउन सम्पूर्ण सरोकारवाला र मतदातामा अनुरोध गरेको छ। त्यस कार्यक्रमका लागि अनलाइनमार्फत निवेदन पेस गर्न वा सम्बन्धित निर्वाचन कार्यालयमा सम्पर्क गर्न पनि आयोगले भनेको छ।

निर्वाचन आयोगबाट स्वीकृत मतदाता नामावली अद्यावधिक कार्यविधि, २०८१ बमोजिम अद्यावधिक कार्यक्रम सञ्चालन हुन लागेको आयोगका प्रवक्ता नीता पोखरेल अर्यालले जानकारी दिनुभयो।

उक्त कार्यक्रम बमोजिम गत चैत मसान्तसम्म १८ वर्ष उमेर पूरा भएका नागरिकको विवरणलाई वैशाख १ गतेबाट अद्यावधिकको प्रक्रिया प्रारम्भ भैसकेको छ।

मतदाताहरूको प्रारम्भिक नामावली आयोगको वेवसाइट www.election.gov.np मा प्रकाशन समेत भएकामा अद्यावधिक कार्य सम्पन्न भएपछि वैशाख मसान्तमा अन्तिम मतदाता नामावली प्रकाशन हुने उहाँले जानकारी दिनुभयो।

आयोगका अनुसार, मतदाता नामावली अद्यावधिक प्रयोजनका लागि प्रकाशित प्रारम्भिक नामावलीमा त्रुटि भए सच्याउन, कुनै व्यक्तिको विरोधमा उजुरी दिनु पर्ने भए दिन सकिने छ। त्यसैगरी एकभन्दा बढी स्थानमा नाम समावेश भएमा हटाउन तथा मृत्यु भएका एवम् नागरिकता त्याग गरेकाको नाम मतदाता नामावलीबाट हटाउन यही वैशाख ७ देखि १४ गतेसम्म सम्बन्धित निर्वाचन कार्यालय वा अनलाइनमार्फत् निवेदन दिन सकिने व्यवस्था मिलाइएको आयोगले जनाएको छ।

यस अवधिमा पनि नयाँ नाम दर्ता तथा अद्यावधिक कार्य निरन्तर भइरहने पनि आयोगले स्पष्ट पारेको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुबेर पनि गरीब हुन्छ ।

–चाणक्य

## सम्पादकीय

# कार्यक्रम र बजेटमा आयोगको सुझाव

राष्ट्रिय योजना आयोगले आर्थिक वर्ष २०८२/८३ को बजेट तर्जुमा सम्बन्धमा नीतिगत तथा कार्यक्रमगत छलफलसम्बन्धी प्रतिवेदन अर्थ मन्त्रालयमा पेस गरेको छ । योजना आयोगका उपाध्यक्ष प्रा डा शिवराज अधिकारीले उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई उक्त प्रतिवेदन बुझाएका छन । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनअनुसार योजना आयोगले आगामी आर्थिक वर्षको प्रस्तावित बजेट तथा कार्यक्रममाथि सम्बन्धित मन्त्रालय, निकाय तथा आयोगसँग नीतिगत एवं कार्यक्रमगत छलफल गरी सोको प्रतिवेदन अर्थमन्त्री समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेको छ । सोही व्यवस्थाअनुसार उक्त प्रतिवेदन पेस भएको छ ।

अर्थमन्त्री पौडेलले अर्थतन्त्र सुधारका लागि नीतिगत, कानुनी तथा संरचनागत सुधारहरु भइरहेका र त्यसको परिणाम स्वरुप पछिल्ला दिनमा अर्थतन्त्रका समस्त सूचकहरु सकारात्मक बन्दै गएकाे जिकिर गरेका छन । अर्थतन्त्रमा सुधार आइरहेको र आगामी आर्थिक वर्षको बजेट सबल अर्थतन्त्र निर्माणमा केन्द्रित हुने दाबी अर्थमन्त्रीको छ । आयोगका उपाध्यक्ष प्रा डा अधिकारीले आगामी आर्थिक वर्षको बजेट बनाउन सहज होस् भन्ने उद्देश्यले मन्त्रालय, निकाय र आयोगसँग व्यापक परामर्श र छलफल गरी प्रतिवेदन तयार पारिएको बताएका छन । प्रतिवेदनमार्फत आयोगले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा समेट्नुपर्ने सुझाव दिएको छ । मन्त्रालय तथा निकायहरूले विगत आर्थिक वर्षहरूमा सिर्जित दायित्व तथा आगामी वर्षहरूका लागि आवश्यक पर्ने अनिवार्य दायित्वका लागि हुने आवश्यक पर्ने खर्च रकम प्रस्ताव गरेर मात्र बजेट सीमाभित्र रहेको बजेटका आधारमा आयोजना प्राथमिकीकरण तथा पुनःप्राथमिकीकरण गर्नुपर्ने आयोगको सुझाव छ ।

दीर्घकालीन सोच २१०० तथा सोह्रौं योजनाले लिएका लक्ष्य हासिल गर्न आवश्यक कार्यक्रम तथा आयोजना प्राथमिकताका साथ प्रस्ताव तथा बजेट विनियोजन हुनुपर्ने प्रतिवेदनमा उल्लेख छ । त्यस्तै, आगामी आर्थिक वर्षको बजेटमा विनियोजन कुशलता बढाउनुपर्ने आयोगको निष्कर्ष छ । "कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्दा समन्वयात्मक अतिरिक्त लाभ (सिनर्जी) सिर्जना तथा दिगो बनाउन सहयोगी हुने र कार्यान्वयन गर्दा शून्य विरोधाभाष सिर्जना हुने कार्यक्रमलाई प्राथमिकताका साथ प्रस्ताव तथा विनियोजन गरिनुपर्छ", आयोगले भनेको छ ।

उत्पादन र उत्पादकत्व वृद्धि गर्न सघाउने र रोजगारी सिर्जना हुने आयोजना तथा कार्यक्रमका लागि प्राथमिकताका साथ बजेट छुट्याउन भनिएको छ । त्यस्तै, आगामी आर्थिक वर्षमा खर्च हुने र खर्च गर्न सकिने आयोजना तथा कार्यक्रमका लागि मात्र बजेट विनियोजन गर्नुपर्नेमा आयोगको जोड छ । चालु आर्थिक वर्षमा दायित्व सिर्जना भएका र आगामी वर्षसम्ममा सम्पन्न हुने चरणमा रहेका बहुवर्षीय आयोजना तथा कार्यक्रमका लागि प्राथमिकताका साथ बजेट छुट्याउनुपर्ने आवश्यकतासमेत औंल्याएको छ । सोह्रौं योजनाका लक्ष्य, उद्देश्य, रणनीति तथा नतिजा खाका र दिगो विकास लक्ष्यका सूचकलाई केन्द्रविन्दुमा राखेर कार्यक्रम तथा बजेट प्रस्ताव गर्न आयोगले अर्थलाई प्रतिवेदनमार्फत सुझाव दिएको छ । त्यस्तै, क्रमागत कार्यक्रम तथा आयोजनाको प्रकृतिअनुसार कार्यान्वयनको अवस्था, आयोजना अवधि, सिर्जित दायित्व तथा खर्च गर्ने अवस्थाको आधारमा पुनःप्राथमिकीकरण गरी बजेट विनियोजन गर्न भनिएको छ ।

"क्रमागत कार्यक्रम तथा आयोजनाको पुनरावलोकन गरी दोहोरोपना रहेका एउटै प्रकृतिका कार्यक्रम वा आयोजना एक आपसमा गाभ्ने वा खारेज गर्नुपर्ने नीति लिईनुपर्छ", आयोगले भनेको छ । त्यस्तै बजेटमा पर्ने आयोजनाको विवरण राष्ट्रिय आयोजना बैंकमा निर्धारित समयावधिभित्र अनिवार्य रूपमा प्रविष्ट गर्नुपर्ने र सोको आधारमा मात्र बजेट विनियोजन गर्न भनिएको छ । थप नयाँ कुनै पनि संस्थागत संरचना निर्माण नगर्ने र मौजुदा संरचनाको अधिकतम उपयोग गर्ने नीति बजेटले अबलम्बन गर्नुपर्ने आयोगको सुझाव छ ।

कतिपय नियमित र चालु प्रकृतिको खर्चसमेत वैदेशिक सहायताबाट व्यहोर्नुपर्ने अवस्था देखिएकाले बजेट तथा कार्यक्रम प्रस्ताव गर्न कठिनाइ देखिएको आयोगले औंल्याएको छ । प्रादेशिक सन्तुलन र तीन वटै तह बीचको समन्वय प्रभावकारी हुने गरी कार्यक्रम प्रस्ताव गर्न भनिएको छ । सङ्घ, प्रदेश र स्थानीय तहमा विकास आयोजना बाँडफाँटसम्बन्धी मापदण्ड बमोजिम कार्यक्रम तथा आयोजना बाँडफाँट हुनुपर्ने आयोगको सुझाव छ।आयोगले दिएको सुझाव कार्यान्वयनमा आउन सकेमा अहिले देखिएका समस्या समाधानमा सघाउने छ ।

# मौरीपालक किसानको सङ्ख्या बढ्यो : यसवर्ष उत्पादन घट्यो

**रासस**
चितवन, ७ बैशाख

गत वर्ष २०८० को तुलनामा २०८१ मा एक हजार ७० टनले मह उत्पादनमा कमी आएको छ ।

अघिल्लो वर्ष चार हजार ९४५ टन मह उत्पादन भएकामा गत वर्ष सो उत्पादन घटेर तीन हजार ८७५ टनमा झरेको छ । नेपाल मौरीपालक महासङ्घका अध्यक्ष सुवाषचन्द्र घिमिरेका अनुसार अघिल्लो वर्षको मह बिक्री नहुनु, चरन क्षेत्रको विवाद, विषादीको अनियन्त्रित प्रयोग, मौरीजन्य उपकरणको मूल्यवृद्धि, महँगो ढुवानी, नक्कली मह र मिसावटयुक्त महको बिगबिगीलगायत कारण यस वर्ष मह उत्पादनमा कमी आएको हो ।

उहाँले भन्नुभयो, "लगानीको अभाव, बजारको सुनिश्चितता नहुनुले यस पेसाबाट किसान पलायन हुने खतरा बढेको छ ।" अघिल्लो वर्षका तुलनामा मौरीपालक किसानको सङ्ख्या बढे पनि मह उत्पादनमा भने कमी आएको हो । अघिल्लो वर्ष आठ हजार १०० किसानले मौरीपालन गरेकामा गत वर्ष यो सङ्ख्या बढेर आठ हजार ३९८ किसानले मौरीपालन गरेका छन् । तीमध्ये व्यावसायिक मौरीपालन गर्ने किसानको सङ्ख्यामा कमी आएको छ ।

व्यावसायिक मौरीपालन गर्ने किसान अघिल्लो वर्ष एक हजार ९६५ जना रहेकामा गत वर्ष घटेर एक हजार ५६८ जनामा झरेको उहाँले बताउनुभयो । उनीहरूले मेलीफेरा मौरी पाल्दै आएका छन् । घरपालुवा सेरेना मौरी पाल्ने किसानको सङ्ख्या भने बढेको छ । अघिल्लो वर्ष यस जातको मौरी पाल्ने किसान सङ्ख्या छ हजार १३५ रहेकामा गत वर्ष यो सङ्ख्या बढेर छ हजार ८३० पुगेको उहाँले बताउनुभयो । उनीहरूले २०८१ सालमा ९१ हजार ४३५ मेलिफेरा र एक लाख ८० हजार ५७८ गोला सेरेना मौरी पालेका थिए । विसं २०८० मा तीन हजार १४३ टन मह मौज्दात रहेकामा २०८१ मा १९७ टन मह मौज्दात रहेको महासङ्घले जनाएको छ ।

# तनहुँको मान्द्रे खोलामाथि कल्भर्ट निर्माण

**रासस**
दमौली, ७ बैशाख

शुक्लागण्डकी नगरपालिकामा तोकिएको म्याद अगावै कल्भर्ट निर्माण सम्पन्न भएको छ । शुक्लागण्डकी–८ र १० जोड्ने मान्द्रे खोलामाथि दुई महिना अगावै कुखुरे कटहरे कल्भर्ट निर्माण भएको हो । उक्त कल्भर्टको शनिबार उद्घाटन गरिएको छ । नगरको आन्तरिक बजेटबाट यहाँ कल्भर्ट निर्माण गरिएको हो । कल्भर्ट निर्माणका लागि गत मङ्सिर १० गते विसं २०८२ असार १५ गतेसम्म सम्पन्न गर्नेगरी सम्झौता भएको थियो ।

नगरले यहाँ कल्भर्ट निर्माणका लागि रु २५ लाख बजेट विनियोजन गरेपनि रु २२ लाख १० हजार २५० मा ठेक्का सम्झौता भई कल्भर्ट निर्माण भएको शुक्लागण्डकी–१० का वडाध्यक्ष राजेन्द्र भट्टराईले जानकारी दिनुभयो । कल्भर्टको लम्बाइ २० मिटर रहेको छ । कल्भर्ट निर्माणपछि शुक्लागण्डकी–१० स्थित कुखुरे, कटहरे, लहरे, पातिस्वाँरा, सिम्ले र मीनामखानीका सर्वसाधारणलाई आवागमन सहज भएको उहाँले विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "यहाँ वर्षाका बेला खोला बढेर वारपार गर्न निकै समस्या थियो । सोही कारण पालिकाले आन्तरिक बजेटबाट कल्भर्ट निर्माण गरी आवतजावत सहज बनाएको हो ।" बर्सेनि बढेर आउने बाढीका कारण खोला तरेर विद्यालय जान नपाएका विद्यार्थी र बिरामी हुँदासमेत जोखिम मोलेर यात्रा गर्नुपर्ने समस्या समाधान भएको स्थानीय दीपबहादुर नेपालीले बताउनुभयो । उहाँले भन्नुभयो, "खोला बढ्दा पनि सहज रूपमा विद्यालय, अस्पतालसमेतलगायत काममा जान सकिन्छ ।" नेपालीले वडा र नगरपालिकाका कर्मचारीलाई कल्भर्ट नहुँदा स्थानीयले भोगेका समस्याका बारेमा बारम्बार जानकारी गराएपछि समाधान भएको उल्लेख गर्नुभयो ।

कल्भर्टको उद्घाटन गर्दै शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डितले स्थानीय सरकार जनताको नजिकको सरकार भएकाले जनताका हरेक समस्या समाधान गर्ने जिम्मेवारी आफूहरूको रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "यहाँ कल्भर्ट नहुँदा जनताले पाएको दुःखबारे जानकारी प्राप्त हुनासाथ हामीले आन्तरिक बजेट विनियोजन गरेर काम अगाडि बढायौँ । म्याद अगावै काम पनि सम्पन्न भयो ।" उपप्रमुख खुमबहादुर विकले गाउँलाई सहरसँग जोड्न पालिकाले विभिन्न योजना सञ्चालन गरिरहेको बताउनुभयो ।

# दुई दशकपछि सडक स्तरोन्नति

**पोखरापत्र संवाददाता**
दमौली, ७ बैशाख

नियघाट, तीन दशक अघिसम्म बागलुङ प्रवेश गर्ने एकमात्र नाका थियो । विसं २०१३ अगाडिसम्म बागलुङवासी डुङ्गामा कालीगण्डकी तरेर पर्वतको खनियाघाट हुँदै पोखरा, काठमाडौँलगायत ठाउँमा आवतजावत गर्थे ।

त्यसबेला सडकले बागलुङ जोडिएको थिएन । पोखरा–बागलुङ राजमार्ग निर्माण भएपछि २०५१ सालमा मालढुङ्गामा मोटरेबल पुल बन्यो । त्यसपछि बागलुङवासी खनियाघाटमा पुगेर काली तर्ने बाध्यता हटेको हो ।

मालढुङ्गामा बनेको पुलबाट यात्रा गर्न थालेपछि नियघाट ओझेलमा पर्‍यो । तत्कालीन जिल्ला विकास समितिले रु १२ लाख विनियोजन गरेर गणेश घुम्तीबाट सडक निर्माण गर्‍यो र ओझेलमा परेको नियरघाटलाई जोड्यो । आर्थिक वर्ष २०६०/६१ मा खुलेको सोही सडक दुई दशकपछि स्तरोन्नति हुँदैछ । विश्व बैंकको लगानीमा 'सहरी शासकीय पूर्वाधार विकास कार्यक्रम'अन्तर्गत गत असारदेखि उक्त सडकको स्तरोन्नति गर्न थालिएको हो । कालीगण्डकी नदीको तटमा रहेको नियघाट बागलुङवासीको दाहसंस्कार गर्ने मुख्य घाट अर्थात् दाहस्थल पनि हो । दैनिकजसो सयौँ नागरिक कालीगण्डकीमा स्नान गर्न पुग्छन् । सडक खुलेको दुई दशकसम्म स्तरोन्नति नहुँदा सबैभन्दा बढी सास्ती मलामीले भोग्नुपरेको स्थानीयको गुनासो छ । अप्ठ्यारो सडकमा शव बोकेर हिँडेका कति मलामी घाइते भए, त्यसको लेखाजोखा छैन । अहिले भने त्यसरी सास्ती र सकस खेप्का मलामीमात्र होइन, साँघुरो सडक त्यसमाथि खाल्डाखुल्डी, हिलो र धुलोले वर्षौंदेखि आजित बनेका नियघाट र माझी बस्तीका स्थानीय खुसी छन् । पोहोर सालसम्म सडकको धुलोले घरको छानो र पिँढी ढपक्क ढाकिने गरेको बागलुङ नगरपालिका–१ माझी बस्तीका ७५ वर्षीय बलबहादुर माझी बताउनुहुन्छ । उहाँले भन्नुभयो, "अहिले पैदल हिँड्ने सडक पनि सहज हुँदै गएको छ, सडक विस्तार हुँदै गएपछि अन्त्येष्टिका लागि धेरै त सिधैँ गाडीमा घाटमै पुग्न थालेका छन् ।" नियघाटपहिलेको तुलनामासडक सुविधाले फराकिलो र विस्तारित छ । तर, यस क्षेत्रको विकासका नाममा गरिएको जथाभावी डोजर प्रयोग र पूर्वाधारले कुरुप तथा जोखिम बढाएको छ । स्थानीय महेन्द्र आचार्य सडक विस्तारलगायत पूर्वाधार विकासमा स्थानीयसँग कुनै पनि समन्वय नगरी निर्माण कम्पनीले सडक फराकिलो र नाली बनाउँदा खुला चौर मासिएको बताउनुहुन्छ । अव्यवस्थित रूपमा नाली निर्माण गर्दा नियघाट कुरुप बनेको उहाँको भनाइ छ । सडक स्तरोन्नतिपश्चातनियघाटवासीको जीवनशैलीमा परिवर्तन आउने आचार्य बताउनुहुन्छ ।

माझीबस्तीकी ७५ वर्षीया फूलमाया माझीले सडक व्यवस्थित बन्न थालेपछि धुलो र हिलो कम भएको बताउनुभयो । पुस/माघमा घाम ताप्न आँगनमा बस्दा धुलो उडेर एकैछिनमा फोहर बनाइदिने गरेको उहाँको भनाइ छ । सरकारले सडक स्तरोन्नति गर्न धेरै ढिला गरेको माझीले बताउनुभयो । उक्त सडक स्तरोन्नति गर्न गत वर्ष जेठमा फेवा/आशिष जेभीले जिम्मा पाएको थियो । रु सात करोड ५० लाखमा आगामी असार ३० गतेसम्म उक्त सडक कालोपत्र गर्ने योजना रहेको निर्माण कम्पनीका इन्जिनियर मनोज शर्माले जानकारी दिनुभयो । हालसम्म ६० प्रतिशत काम सकिएको उहाँको दाबी छ ।

"काम तीव्रगतिमा भएको छ, हामीहरूले योसँगै ढोढेनी र मूलपानी सडकको एकमुष्ट जिम्मा पाएका हौँ, जसका लागि रु ४९ करोड २१ लाखमा सम्झौता भएको छ, अहिले नाली निर्माण गर्ने, सडक फराकिलो बनाउने काम गरिरहेका छौँ", इन्जिनियर शर्माले भन्नुभयो, "मौसमले साथ दिए यो महिनाभित्रमा नियघाट सडक कालोपत्र गरिसक्ने छौँ ।"

सडकको सहजतापछि नियघाटमा फेरि एकपटक चहलपहल बढ्ने देखिन्छ । शान्त वातावरण र स्वच्छ हावापानी रहेको नियघाटमा मानव सेवा आश्रमको भवन निर्माणाधीन छ भने वृद्धाश्रम बनिसकेको छ । यस ठाउँलाई ध्यान केन्द्रका रूपमा विकास गर्न सके नियघाट क्षेत्र सम्भावना हुँदाहुँदै पनि ओझेलमा परेकाले पर्यटन प्रवर्द्धन गर्न सडकले महत्वपूर्ण भूमिका खेल्ने बागलुङ नगरपालिकाका प्रमुख बुसन्तकुमार श्रेष्ठले बताउनुभयो । नियघाटलाई 'इको टुरिजम'का रूपमा विकास गर्न सकिने उहाँको भनाइ छ ।

पर्वतको खनियाघाट, बागलुङको नियघाट र माझीबस्तीलाई बागलुङ बजारसँग सिधा जोड्नका लागि पक्की सडक बनाउन थालेको उहाँको भनाइ छ । कृषि उत्पादनका हिसाबले नियघाट उर्वर रहेकाले किसानले उत्पादन गरेका वस्तुलाई बजारीकरण गर्न बढी सघाउ पुग्ने उहाँ बताउनुहुन्छ । "नदी छेउमा रहेको हुँदा नियघाटमा मत्स्यपालनको सम्भावना छ, तरकारीखेती, एग्रो टुरिजम पनि राम्रो हुने सम्भावना देखेका छौं, धार्मिक उद्यान बनाउने योजना छ", प्रमुख श्रेष्ठले भन्नुभयो ।

# मुस्ताङ घट्टेखोलामा चौंरी मेला



**पोखरापत्र संवाददाता**
मुस्ताङ, ७ बैशाख

हिमालपारिको जिल्ला मुस्ताङको थासाङ गाउँपालिका–२ घट्टेखोलामा आजदेखि चौंरी मेला सुरु भएको छ ।

मेलामा हिमाली लेकमा पाइने बहुमूल्य जडीबुटी खाएका चौंरीको आलो रगत खाने चलन रहेको छ । यार्सागुम्बा, पाँचऔंले, निरमसी, कुटुकी, बुकी घाँस खाएर हुर्केका चौंरीको आलो रगत खाँदा विभिन्न रोग निको हुने जनविश्वास रहेको छ । हिमालयन याक नाक पालन उपसमिति मुस्ताङको आयोजनामा सुरु भएको मेला परम्परादेखि नै चल्दै आएको छ । यस पटक आन्तरिक तथा बाह्य पर्यटकको ध्यान आकर्षित गर्न मेला १० दिनसम्म सञ्चालन गर्ने आयोजकको योजना छ । उपसमितिका अध्यक्ष बुद्धिरत्न तुलाचनले स्थानीय व्यापार/व्यवसायको प्रवर्द्धन र कृषकको मेहनतलाई थप टेवा पुग्ने हिसाबले बर्सेनि मेला आयोजना गर्ने गरिएको बताउनुभयो । उहाँका अनुसार मेलामा गण्डकी प्रदेशका धेरै जिल्ला र विशेषगरी म्याग्दीबाट मानिस आउने गरेका छन् । मेलामा एक गिलास चौंरीको रगतको मूल्य रु तीन सय तोकिएको छ । मेलाको पहिलो दिन आज करिब २०० बढी मानिसले चौंरीको रगत पिएको आयोजकले जनाएको छ । यसको सेवनले शरीरमा हुने विभिन्न किसिमका रोग निको हुने जनविश्वासका कारण पनि यसको महत्व बढ्दै गएको तुलाचनको ठम्याइ छ । "मेलालाई परम्परागत रूपमा अगाडि बढाई स्थानीय कृषकको व्यापार/व्यवसायमा पनि थप मद्दत गर्नेछौँ । यहाँ आउने बिरामी, अशक्त र पाहुनाका लागि खान र बस्नको कुनै पनि समस्या छैन", उहाँले भन्नुभयो ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका–६ खिवाङका देउबहादुर गर्बुजाले विगत छ वर्षदेखि नियमित रूपमा मेलामा सहभागी भई चौंरीको रगत पिउँदै आएको र यसले ग्यास्ट्रिक, गानो दुख्ने र हाडजोर्नीलगायत समस्या निको भएको सुनाउनुभयो । मुस्ताङको थासाङ गाउँपालिका–३ धम्पु निवासी बिसन पुर्जाले पनि नियमित रूपमा चौंरीको आलो रगत पिउँदै आउनुभएको बताउनुभयो । उहाँले भन्नुभयो, "चौंरीको आलो रगत पिउने कार्य पुरानो जनविश्वास रहे पनि यसको सेवनपश्चात् आफूलाई धेरै राम्रो गरेको छ ।" मुस्ताङको थासाङ गाउँपालिकाअन्तर्गतका लेकहरू मुलि, ह्याङ्देन, खल्क्यु, बतासेडाँडा, सानुसरेपहाड, छाक्ताङ, मार्चे र नुप्साङमा हुर्के बढेका याक नाक/चौंरीहरूको पालैपालो रगत निकालेर बिक्री गरिनेछ । उपसमितिअन्तर्गतका १० जना कृषक समूहमा करिब ७०० चौंरी रहेका छन् ।


# नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १४ राधाकृष्ण गोरु घास पार्क निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः राधाकृष्ण गोरु घास पार्क
ठेगानाः पोखरा–१४
योजना शुरु हुने मितिः २०८१/०९/२६ गते
योजना सम्पन्न हुने मितिः २०८१/११/२५ गते
योजना सम्पन्न भएको मितिः २०८१/१२/१४ गते
योजनाको कुल लागतः रु.५,८३,०००।-
वडा कार्यालय १४ बाट : रु.५,००,०००।-
जन श्रमदानः रु.८३,०००।-
अध्यक्षः खिम बहादुर कार्की सम्पर्क नं.: ९८४६९७६६७९
उपाध्यक्षः नारायण कार्की सचिवः इन्दिरा अधिकारी
कोषाध्यक्षः कृष्ण नेपाली, सदस्यः कृष्ण नेपाली, विष्णु अधिकारी, छविलाल वि.क., गंगा कार्की, राजु वि.क., सकुन्तला भुजेल, निर्माण समिति सदस्य संख्याः ९ महिलाः ४, पुरुषः ५

**राधाकृष्ण गोरु घास पार्क उपभोक्ता समिति**
**पोखरा–१४**


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : कार्यमा सफलता |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : झमेला बढ्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |


**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# गाउँका बूढापाकाले मात्र धानेका घुम्ती गोठको परम्परा

**कमल खत्री**
म्याग्दी, ७ बैशाख/रासस



धवलागिरि गाउँपालिका-३ मुनाका ७१ वर्षीय खड्कमान पुनको दैनिकी घुम्ती गोठमा बित्ने गरेको छ । परम्परागत रूपमा गाईपालन गर्दै आउनुभएका उहाँको गोठमा १९ गाई छन् । हिउँदमा बैंसी र बर्खायाममा लेकका बुकीमा गोठ राखेर परम्परागत रूपमा गर्दै आएको पशुपालन पेसालाई पुनले निरन्तरता दिनुभएको छ ।

परिवारको गुजारा खेती किसानी र पशुपालनबाटै चलाउनुपर्ने बाध्यता रहेको उहाँले बताउनुभयो । "गोठमा गाईभैंसी पाल्नु भनेको दुःखको धन हो, खेतीपाती गर्ने भएपछि मलका लागि पनि पशुपालन गर्नैपर्‍यो, पशुचौपाया बिक्री गरेर हुने आम्दानी नगन्य हुन्छ, तीन-चार वर्ष पालेपछि मात्रै बहर गोरु बिक्री हुन्छन्", पुनले भन्नुभयो । भैंसी र बाख्रापालन गर्ने किसानले भने गाईपालन गर्नेहरूको तुलनामा बढी नगद आम्दानी गर्छन् ।

लेकाली क्षेत्रमा पालन गरिने भैंसी दुधालु हुने र खसीबोकाको मासु स्वादिलो हुने भएकाले घुम्ती गोठमा पालिएका भैंसी र खसीबोकाको माग धेरै छ । यहाँका किसानले कोदो, मकै, जौं, गुहुँलगायतको खेती गर्ने भएकाले खेतबारीलाई मलिलो बनाउन पशुपालन अनिवार्यजस्तै हुने गरेको छ । पाखो र बुकीका पाटनमा भकारी र त्रिपालको अस्थायी टहरा हालेर बनाइने घुम्ती गोठमा पशुपालन गर्नेले वनजङ्गल, लेक-बैंसीका उकाली ओरालीको दुःख र बर्षा, हिमपात, हुरीबताससँगको चुनौती सामाना गर्नुपर्ने बाध्यता छ । मुनाकै ८० वर्षीय लिलबहादुर पुनको दैनिकी पनि गोठमै बित्ने गरेको छ । आफ्नो बुबाआमाले गर्दै आएको भेडाबाख्रापालन गर्ने कामलाई निरन्तरता दिनुभएका उहाँले आफ्नो छ छोरी र चार छोरासहितको परिवारको हुर्काइबढाइको जोहो गोठबाटै गरेको बताउनुभयो । "म गोठमै हुर्किएको हुँ, अहिलेसम्म पनि गोठमै छु, पहिले भेडा पनि थिए, अहिले बाख्रा मात्र पालन गर्छु, बुढ्यौली लागेर अब बुकी जान नसक्ने भइसकेँ, तर बैंसीमा भने गोठमै दिन कटाउँछु", उहाँले भन्नुभयो । पहिले हरेकजसो घरको घुम्ती गोठ हुँदा बुकी क्षेत्रमा समेत चहलपहल हुने भए पनि पछिल्लो समय भने बुकीमा गोठ लैजानेहरूको सङ्ख्या घट्दै गएको र बुकीका खर्क र पाटन सुनसानजस्तै हुने गरेको उहाँले अनुभूति सुनाउनुभयो । पशुचौपायाको सङ्ख्या घटेपछि बुकी क्षेत्रमा स्थानीयले आलोपालो लगाएर गोठमा बस्ने गर्छन् । मुनामा अहिले पनि करिब १०० घरमा परम्परागत घुम्ती गोठ राखेर पशुपालन हुँदै आएको छ । दुई दशक अघिसम्म गाउँका सबै घरपरिवार घुम्ती गोठ राखेर गाईभैंसी, भेडाबाख्रापालन पेसामा आबद्ध थिए । परम्परागत पशुपालन व्यावसायिक बन्न नसकेपछि युवाहरू विदेश पालन हुन थालेका छन् भने घुम्ती गोठको परम्परालाई गाउँका बूढापाकाले मात्र धानेका छन् । हिजोआज गोठमा युवायुवती भेटिन छाडेका छन् । वृद्धवृद्धा अवस्थाका पाका पुस्तामात्र घुम्ती गोठमा भेटिन्छन् । खेतीपाती, घाँसदाउरा र गोठधन्दाको काम गर्न नयाँ पुस्ता इच्छुक नदेखिएको मुनाका गाईपालक किसान हर्कबहादुर रोकाले बताउनुभयो । घुम्ती गोठमा गरिने पशुपालन व्यावसायिक नबने पनि खेतीका लागि मल र पुर्खाले गरेको परम्परा धान्नका लागि गोठ राख्ने चलनले निरन्तरता पाएको उहाँको भनाइ छ । "पुर्खाले गरेको पेशालाई च्वाट्ट छाड्न पनि सकिएन, बीचमा मैले स्वास्थ्य चौकीमा कार्यालय सहयोगी बनेर काम गरेँ, अहिले फेरि आफ्नै पुर्ख्यौली घुम्ती गोठमा पशुपालन गर्ने काम अँगालेको छु", रोकाले भन्नुभयो । पछिल्लो समय घुम्ती गोठमा भेडापालन गर्ने चलन कम हुँदै गएको छ । स्थानीयले गाईभैंसी र बाख्रापालनका लागि भने घुम्ती गोठको परम्परालाई जोगाएका छन् । हिउँदयाममा बैंसीको फाँटमा खेतीयोग्य जग्गामा मल बनाउन गोठ सार्ने गरिन्छ । जेठमा बुकीतर्फ लैजाने गोठ कात्तिक लागेपछि बैंसीतर्फ झार्ने गरिन्छ । हिउँदेबाली जौं, गहुँलगायत भित्र्याएपछि वैशाखको सुरुदेखि घुम्ती गोठका पशुचौपायालाई लेकतर्फ सार्न थालिएको छ । यहाँका स्थानीयले घुम्ती गोठका पशुचौपायालाई चरनका लागि ढोरपाटन, जलजला, रुघाचौर, पातिहाल्ने बुकी र खर्कसम्म पुर्‍याउने गर्छन् । यस क्षेत्रमा पशुपालन गर्नेको सङ्ख्या घटे पनि घुम्ती गोठको परम्पराले निरन्तरता पाएको धवलागिरि गाउँपालिका-३ मुनाका वडाध्यक्ष देवेन्द्र रोकाले बताउनुभयो । "युवापुस्ता गोठमा बस्ने चलन हराएको छ, पुराना पुस्ताले घुम्ती गोठलाई जोगाइराखेका छन्, हामीले घुम्ती गोठ सुधारमा सघाउने कार्यक्रम ल्याउन सुरु गरेका छौँ, परम्परागत पशुपालनलाई व्यावसायिक बनाउन सकेमा यसले आयआर्जनमा समेत टेवा पुग्ने थियो", वडाध्यक्ष रोकाले भन्नुभयो । चालु आर्थिक वर्षमा धवलागिरि गाउँपालिकाले घुम्ती गोठ सुधार तथा निर्माणका लागि २५ प्रतिशत लागत साझेदारीमा पूर्वाधार बनाउनका लागि किसानबाट माग सङ्कलन गरिरहेको छ । म्याग्दीमा सबैभन्दा धेरै धवलागिरि गाउँपालिकामा घुम्ती गोठमा पशुपालन हुने गरेको छ । यस पालिकाको मुना, मुदी, मल्कबाङ, लुलाङ, गुर्जा क्षेत्रमा परम्परागत घुम्ती गोठ राखेर पशुपालन हुँदै आएको छ ।

# सकियो बृहत् मुस्ताङ सरसफाइ अभियान

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ७ बैशाख

'मौलिक संस्कृति र पर्यावरण बचाऔँ, वातावरण प्रदूषण घटाऔँ, मुस्ताङ जिल्लालाई पर्यटकीय गन्तव्यको रूपमा विकास गरौँ' भन्ने उद्घोषसहित जिल्लामा अवस्थित धार्मिक तथा पर्यटकीय स्थानको बृहत् सरसफाइ तथा जनचेतनमूलक पाँचदिने अभियान शनिबार सकिएको छ । जिल्ला समन्वय समितिको अगुवाइमा मुस्ताङका पाँच पालिकाले संयुक्त रूपमा आयोजना गरेको पाँचौँ दिन शनिबार म्याग्दी र मुस्ताङको सिमाना काभ्रेभिरमा पुगेर समापन भएको हो ।

यसअघि उत्तरी चीनको स्वशासित क्षेत्र तिब्बतसँग सिमाना जोडिएको (नेपाल-चीन) कोरलानाकाबाट मुस्ताङस्थित धार्मिक तथा पर्यटकीय गन्तव्यको बृहत् सरसफाइ तथा चेतनामूलक अभियान सुरु गरिएको थियो । अभियानअन्तर्गत जिससहित मुस्ताङका पाँचै वटा गाउँपालिका अध्यक्ष/उपाध्यक्षलगायत जनप्रतिनिधि एवं कर्मचारीको उपस्थितिमा अभियान सम्पन्न भएको थासाङ गाउँपालिकाका अध्यक्ष प्रदीप गौचनले जानकारी दिनुभयो । धार्मिक तथा पर्यटकीय गन्तव्यको पूर्ण सरसफाइ तथा चेतनामूलक अभियानमार्फत जिल्ला भित्रिने पर्यटक तथा पर्यटन व्यवसायी तथा आमसरोकारवालाई फोहरमैला व्यवस्थापनसम्बन्धी चेतना अभिवृद्धि गर्ने उद्देश्यले जिल्ला समन्वय समितिको अगुवाइमा जिल्लाका पाँचवटै पालिकाले आपसमा समन्वय र सहकार्य गरी फोहरमैला व्यवस्थापनमा जुटेको अध्यक्ष गौचनको भनाइ छ । अभियानमा मुस्ताङका जनप्रतिनिधिले सहभागिता जनाएका थिए । नेपाल-चीन सीमानाका कोरलाबाट सुरु भएको फोहर व्यवस्थापन अभियान न्हेचुङ भन्सार, झोङ गुफा, ठिङ्गर, लोमान्थाङ, लोघेकर गुम्बा, लुरी गुम्बा, छुसाङ, कागबेनी श्राद्धस्थल हुँदै प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथ क्षेत्रको बृहत् सरसफाइ गरिएको छ । त्यसैगरी, ढुम्बाताल, जोमसोम, मार्फा, टुकुचे, कोवाङ, सेकुङ ताल, लेते हुँदै म्याग्दी र मुस्ताङको सीमाक्षेत्र घाँसासम्मको एक सय ४५ किमी दूरीमा बृहत् सरसफाइ गरिएको छ । जनप्रतिनिधि एवं कर्मचारीको संयुक्त टोलीले झन्डै १० ट्र्याक्टरभन्दा बढी फोहर सङ्कलन गरेको लोघेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले जानकारी दिनुभयो । "हाम्रो अभियानअन्तर्गत फोहर उठाएर सम्बन्धित पालिकामै राखेका छौँ, सङ्कलन भइसकेको नकुहिने फोहरलाई जोमसोम ल्याएर प्रशोधन केन्द्रमा पठाउने काम गर्नेछौँ", अध्यक्ष विष्टले भन्नुभयो ।

अभियान समापनमा मुस्ताङका जनप्रतिनिधिले जलवायु परिवर्तनको असरले हिमाली जिल्लामा परेको प्रत्यक्ष तथा अप्रत्य प्रभावका विषयमा चिन्ता व्यक्त गर्नुभएको छ । जिल्ला समन्वय समिति मुस्ताङकी प्रमुख माया गुरुङले जलवायु परिवर्तनको प्रभावले सेताम्मे हिमाल कालापत्थरमा परिणत भएको र यसले वातावरण सन्तुलनमा समेत क्षति पुगेको उल्लेख गर्नुभयो । प्राकृतिक सम्पदा र हिमालको सौन्दर्यता जोगाउन सकेमात्र पर्यटन क्षेत्रको विकास हुने भएकाले प्रदूषण घटाउन र सौन्दर्यता बचाउन सरसफाइ अभियानमा हातेमालो गर्दै सरसफाइ अभियानलाई प्राथमिकता दिएको जिसस प्रमुख गुरुङले जनाउनुभयो ।

लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङले फोहरमैला व्यवस्थापनका लागि आ-आफ्नो पालिकाले वडा तहबाटै सुरु गर्नुपर्नेमा जोड दिनुभयो । वारागुङ मुक्तिक्षेत्रका अध्यक्ष रिन्जिङ नाम्गेल गुरुङले फोहरमैला व्यवस्थापनका लागि स्थानीय तहलाई संविधानले अधिकार प्रत्यायोजन गरेकाले स्थानीय तहले अपनत्व लिएर सरसफाइ अभियानलाई पूर्णता दिनुपर्ने बताउनुभयो । प्रमुख जिल्ला अधिकारी बिष्णुप्रसाद भुसालले मुस्ताङका स्थानीय तह र जिससको यसप्रकारको बृहत् सरसफाइ अभियानले सकारात्मक सन्देश प्रवाह गरेको बताउनुभयो । "पालिकाहरूबीच मेलमिलाप, ऐक्यबद्धता, मित्रता भएको देखिन्छ, यो अभियानले नेपालका सात सय ५३ वटै स्थानीय तहका लागि असल अभ्यास सिको गर्ने सन्देश प्रवाह भएको छ", प्रजिअ भुसालले भन्नुभयो ।

# पर्यटकका पर्खाइमा बयली

**पोखरापत्र संवाददाता**
म्याग्दी, ७ बैशाख

अन्नपूर्ण गाउँपालिका-५ मा रहेको बयली ओझेलमा परेको छ । समुद्री सतहबाट तीन हजार ४५० मिटर उचाइमा रहेको बयली पूर्वाधार र प्रचारप्रसारको पर्खाइमा छ । बयलीस्थित सामुदायिक लजका सञ्चालक लोकबहादुर पाइजाले हिमशृङ्खला, सूर्योदय, पहाडी भूगोल अवलोकनका साथै एकान्त वातावरणमा रमाउन सकिने यो ठाउँमा न्यून मात्रामा पर्यटक आउने गरेका बताउनुभयो ।

"यहाँसम्म आउने व्यवस्थित पदमार्ग निर्माण र आकर्षणको प्रचारप्रसार नहुँदा पर्याप्त पर्यटक आगमन हुनसकेको छैन", उहाँले भन्नुभयो, "बयलीलाई व्यवस्थित गर्न सक्ने हो भने अन्नपूर्ण चक्रीय पदमार्गको भ्रमणमा आउने पर्यटकको बसाइ लम्ब्याउन सकिन्छ ।" अन्नपूर्ण गाउँपालिका-५ शिख, पाउद्वार, स्वाँत बासिन्दाहरूको अगुवाइमा पर्यटकको सुविधा, गाउँका विद्यालय र स्वास्थ्य संस्था सञ्चालनका लागि स्थानीय स्रोत जुटाउन १५ वर्षदेखि बयली, ढाडखर्क र खोपारामा सामुदायिक लज सञ्चालन भएको छ । बयलीको तलतिर गुराँस र सल्लाको जङ्गल छ । माथिल्लो क्षेत्रको पाखोमा घरपालुवा जनावरको बर्खायामको चरन क्षेत्र (बुकी) छ । यहाँ चौरीपालन गरिएको छ । बर्खायाममा भेडाबाख्रा र गाईभैंसीको गोठ पनि बयलीमा राख्ने गरिन्छ । पश्चिम फर्किएको पाखोमा अवस्थित बयलीको पृष्ठभूमिमा धवलागिरि 'रेञ्ज'का हिमाल, सूर्योदय र सूर्यास्तको मनमोहक दृश्य अवलोकन गर्न सकिन्छ । म्याग्दीका पहाड र ग्रामीण बस्ती पनि देखिन्छ । बस्तीबाट टाढा रहेको बयलीको वातावरण शान्त र रमणीय छ । चौरीगोठ बयलीको थप आकर्षण हो । म्याग्दीको घोडेपानीबाट एक दिन र कास्कीको घान्द्रुकबाट दुई दिनको पदयात्रा गरेर बयली पुग्न सकिन्छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)को सहयोगमा घोडेपानी र घान्द्रुकबाट बयली जाने आधारभूत स्तरको पदमार्ग छ । बयलीको सामुदायिक लजमा एक दिनमा १८ जना बास बस्न सक्ने क्षमता छ । बयलीबाट ढाडखर्क हुँदै स्वाँत-शिख र खोपारा-खयर-पाउद्वार जान पनि सकिन्छ । बयलीबाट ढाँडखर्कसम्मको जङ्गल र भिरमा पदमार्ग नहुँदा जोखिमपूर्ण यात्रा गर्नुपर्ने हुन्छ । अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले सडक विस्तारसँगै छोटिएको अन्नपूर्ण चक्रीय पदमार्गमा पर्यटकको बसाइ लम्ब्याउन बयलीलगायत सम्भावना भएका गन्तव्यको पहिचान र ती ठाउँमा पूर्वाधार निर्माणका लागि प्रयास गरिएको बताउनुभयो । "बयलीलाई पनि नयाँ गन्तव्यका रूपमा विकास गर्न सकिने सम्भावना छ", उहाँले भन्नुभयो, "यस क्षेत्रको निरीक्षण गरेर आवश्यकता पहिचान र पूर्वाधार निर्माणमा पहल गर्छौँ ।"






## श्री प्रगतिशिल मा. वि. अन्नपूर्ण ४ सल्यान, कास्कीको

## काठ, दाउरा लिलाम बिक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०१/०८**

**यस विद्यालयको नाममा दर्ता श्रेस्ता रहको अन्नपूर्ण गा. पा. वडा नं. ५ (साविक सल्यान गा. वि. स. वडा नं. ९) स्थित कि. नं. १७१४ को जग्गामा रहेका रुखहरु नियमानुसार कटान, मुछ्यान गरी घाटगद्दीमा रहेको लट नं. १, २ र ३ को खोटेसल्ला, चिलाउने र उत्तिस प्रजातिको जम्मा गोलिया थान ७०८ को ४५१६.३३ घ.फि. काठ र १६.० चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली, २०७९ को नियम १२८ अनुसारको योग्यता पुगेका ईच्छुक उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनसम्म बोलपत्र खरिद गरी २२ औं दिन दिनको १:०० बजेभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि विद्यालयमा सम्पर्क राख्न सकिने छ ।**

**प्रधानाध्यापक**

## श्री सैनिक अस्पताल

### पोखरा, कास्की

## विद्युतीय सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**सुचना नं.** NAWF/MH/GOODS/CHHA/2081/82/71

**(दोस्रो पटक प्रकाशित मिति २०८२।०१।०८गते)**

१. श्री सैनिक अस्पताल पोखराको लागि आ.व. ०८१/८२ मा विभिन्न मेडिकल सम्बन्धी मेशिनरी औजारहरु खरिद गर्नुपर्ने भएकोले विद्युतीय सिलबन्दी दरभाउपत्र (e-GP) आव्हान गरिएको हुँदा नेपाल सरकारबाट ईजाजत प्राप्त ईच्छुक फर्म/कम्पनीहरुले विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट https://www.bolpatra.gov.np/egp हेर्नुहुन् यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | विवरण | लागत अनुमान (मु.अ.कर सहित) | जमानत रकम रु. | सिलबन्दी दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | Procurement of Medical Machinery Items | ९,९०,१९१।१३ | २५,०००।- | १,०००।- | २०८२।०१।२३ गतेको १२०० बजे | २०८२।०१।२३ गतेको १३०० बजे |

२. साथै, थप जानकारीको लागि यस अस्पतालको फोन नं.९८५६०८३८२८ र ईमेल mh-pokhara@nepalarmy.mil.np मा सम्पर्क राख्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।